# जापान प्रवेशको योजना गरिरहेका व्यक्तिहरूसँग सम्बन्धित प्रक्रियाहरू

२०२० जून २६
(२०२२ अक्टोबर ७ तारिखमा नविकरण गरिएको)
जापान अध्यागमन सेवा एजेन्सी
Immigration Services Agency of Japan

## 1 बसोबास योग्यता प्रमाणपत्र जारी गरिएको व्यक्तिहरू वा बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनुभएका व्यक्तिहरू

**[1] बसोबास योग्यता प्रमाणपत्र जारी गरिएको व्यक्तिहरू**

सामान्यतया ३ महिना मान्य हुन्छ तर अपवादको रूपमा, निम्न अनुसार व्यवस्था हुन्छ।

○ २०२० जनवरी १ तारिकदेखि २०२२ अप्रिल ३० तारिकसम्म जारी गरिएको बसोबास योग्यता प्रमाणपत्र, २०२२ अक्टोबर ३१ तारिकसम्म मान्य हुनेछ।

○ २०२२ मे १ तारिकदेखि २०२२ जुलाई ३१ तारिकसम्म जारी गरिएको बसोबास योग्यता प्रमाणपत्र, जारी गरिएको ददनबाट ६ महिनासम्म मान्य हुनेछ।

* यस अघिको निवेदन प्रकृयामा परिवर्तन नभई २०२३ जनवरी १ तारिकसम्म बसोबास योग्यता प्रमाणपत्र जारी निवेदन गर्ने भएमा आधारभूत रुपमा (१) पहिले जारी गरिएको बसोबास योग्यता प्रमाणपत्र (मूल वा प्रतिलिपि) र (२) जापान भित्र्याउने निकाय आदिद्वारा तयार गरिएको बयानपत्र पेश गरेमा तुरुन्त नयाँ बसोबास योग्यता प्रमाणपत्र जारी गरिनेछ। विस्तृत जानकारीको लागि **यहाँ** हेर्नुहोस्।

**[2] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनुभएका व्यक्तिहरूको बारेमा**

**हाल आवेदन दिइरहनु भएकाहरूको  हकमा, गतिविधि सुरुवात समय परिवर्तन गर्नु परेको अवस्थामा नियमानुसार जापान भित्र्याउने निकायद्वारा लिखित बयानपत्र मात्र लिएर परीक्षण गरिन्छ।**

## 2 बसोबास आवेदन दिएर जापान पुनः प्रवेश अनुमति लिई जापान बाहिर जानुभएका व्यक्तिहरू

**[याद गर्नुहोस्] यस प्रक्रिया अक्टोबर ११, २०२२मा वा त्यसपछि पेश गरिएका आवेदनहरूमा लागू हुँदैन।**

जापान पुन: प्रवेश अनुमति (यसमा विशेष जापान पुनः प्रवेश अनुमति पनि पर्छ।) दिई हाल जापान बाहिर भएको व्यक्तिले जापान बाहिर जानु अघि बसोबास योग्यता (भिसा) परीवर्त अनुमति आवेदन, बसोबास अवधि नवीकरण अनुमति आवेदन वा स्थायी बसोबास अनुमति आवेदन दिएको र नोभल कोरोना भाइरस (कोभिड-१९) को प्रभावले गर्दा जापान पुनः प्रवेश गर्न नसकेको अवस्थामा, जापानमा भएका आफन्त वा जापान भित्र्याउने निकायको निकायको कर्मचारी आदिलाई प्रतिनिधिको रूपमा सम्बन्धित आवेदनको अनुमतिसँग सम्बन्धित रेसिडेन्स कार्ड लिन अनुमति दिइनुका साथै हाल हाल जापान बाहिर भएको व्यक्तिले जापान पुनः प्रवेश अनुमतिद्वारा अवतरण आवेदन दिन सक्नुहुनेछ।

## 3 जापान पुन: प्रवेश अनुमति भई जापान बाहिर भएको बेला भिसाको बसोबास म्याद नाघेको व्यक्ति आदि

**[याद गर्नुहोस्] यस प्रक्रिया अप्रिल ३०, २०२३ सम्म उपलब्ध छ। *विवरणहरूको लागि कृपया प्रत्येक लिङ्कको सन्दर्भ गर्नुहोस्।**

[1] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनु नपर्ने व्यक्तिहरू ("स्थायी बसोबासी" आदि)

हाल भएको देशमा भएको जापानको दूतावास आदिमा भिसाको लागि आवेदन दिनुहोस्।

※「स्थायी बासिन्दा」को बारेमा विस्तृत विवरणको लागि यहाँ हेर्नुहोस्।

※「लामो अवधिको बासिन्दा (घोषणा गरेको बाहेक) 」तथा「विशेष गतिविधि (घोषणा गरेको बाहेक) 」का ब्यक्तिको बारेमा विस्तृत विवरणको लागि यहाँ हेर्नुहोस्।

[2] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनु पर्ने व्यक्तिहरू (प्रवासी विद्यार्थी, प्राविधिक प्रशिक्षार्थी, इन्जिनियर, मानविकी विशेषज्ञ र अन्तर्राष्ट्रिय सेवा आदि)

विगतमा मध्यम तथा दीर्घकालीन बसोबासी (प्रवासी विद्यार्थी र प्राविधिक प्रशिक्षार्थी आदि) को रूपमा जापानमा बसोबास गरेको व्यक्ति, नोभल कोरोना भाइरस (कोभिड-१९) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमतिद्वारा जापान पुनः प्रवेश गर्न नसकी, भिसा म्याद नाघेको अवस्था आदिमा, फेरि बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिने व्यक्तिको सन्दर्भमा, सैद्धान्तिक तवरमा, आवेदन फाराम र जापान भित्र्याउने निकायद्वारा तयार गरिएको बयानपत्रलाई मात्र आधार मानी परीक्षण गरिनेछ। विस्तृत जानकारीको लागि **यहाँ** हेर्नुहोस्।

[3]「उच्च स्तरिय पेशा २ नम्बर」अन्तर्गत बस्नुहुने ब्यक्ति

[२] अनुसार「उच्च स्तरिय पेशा **१ नम्बर**」भएर पहिलेको कृयाकलाप अनुसार सर्टिफिकेट अफ इलिजिबिलीटीको लागि निवेदन दिनुहोस्।「उच्च स्तरिय पेशा १ नम्बर 」को भिसा जारी गरिन्छ तर जापान प्रवेश गर्ने समयमा विमानस्थलमा「उच्च स्तररय पेशा २ नम्बर」को रुपमा जापान प्रवेश गर्ने प्रकृया गर्न सकिन्छ।